आज मिति २०७८।०४।१४ गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति DCMC (District Covid Management Committee) को बैठक बसी देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

**उपस्थिति**

प्रमुख जिल्ला अधिकारी, श्री श्रवणकुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजंग थापा, नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी नायब उपरिक्षक, श्री नवराज बोहरा, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

अनुसन्धान ~~निर्देशक,~~ अधिकृत श्री किरण भट्टराई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

प्रमुख मेडीकल सुपरीटेन्डेन्ट डा., श्री टंकप्रसाद बाराकोटी, मेची अस्पताल, झापा

जिल्ला समन्वय अधिकारी, श्री लाल ~~बाबु~~ बहादुर श्रेष्ठ, जिल्ला समन्वय समितिको कार्यालय, झापा

**आमन्त्रित**

नगर प्रमुख, श्री जीवनकुमार श्रेष्ठ, भद्रपुर नगरपालिका, झापा

नगर प्रमुख, श्री ध्रुवकुमार शिवाकोटी, विर्तामोड नगरपालिका, झापा

नगर प्रमुख, श्री राजेन्द्रकुमार पोखरेल, कनकाई नगरपालिका, झापा

नगर प्रमुख, श्री चन्द्रकुमार शेर्मा, शिवसताक्षी नगरपालिका, झापा

नगर प्रमुख, श्री हरीकुमार राना, अर्जुनधारा नगरपालिका, झापा

नगर प्रमुख, श्री रोहितकुमार शाह, गौरादह नगरपालिका, झापा

~~नगर~~ उपप्रमुख, श्री मिना उप्रेती, मेचीनगर नगरपालिका, झापा

का.वा. नगर प्रमुख, श्री गिता अधिकारी, दमक नगरपालिका, झापा

अध्यक्ष, श्री मेनुका काफ्ले, कमल गाउँपालिका, झापा

अध्यक्ष, श्री बाबुराजा श्रेष्ठ, गौरीगञ्ज गाउँपालिका, झापा

अध्यक्ष, श्री अन्जरा आलम, कचनकवल गाउँपालिका, झापा

अध्यक्ष, श्री रमेशकुमार भुजेल, बुद्धशान्ति गाउँपालिका, झापा

अध्यक्ष, श्री रविन्द्रप्रसाद लिङ्गदेन, हल्दिवारी गाउँपालिका, झापा

अध्यक्ष, श्री खड्गप्रसाद राजवंशी, बाह्रदशी गाउँपालिका, झापा

अध्यक्ष, श्री जयनारायण शाह, झापा गाउँपालिका, झापा

सचिव, श्री मदन प्रसाद अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) जि.का.स., झापा

सभापती, श्री उद्धव थापा, नेपाली कांग्रेस जिल्ला कार्य समिति, झापा

सचिव, श्री मणीकुमार साङ्गपाङ्ग, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) जि.का.स., झापा

, श्री , जनता समाजवादी पार्टी जि.का.स., झापा

, श्री , राष्ट्रिय प्रजातन्त्र पार्टी जि.का.स., झापा

नि. कार्यालय प्रमुख, श्री योगराज घिमिरे, स्वास्थ्य कार्यालय, झापा

सभापति, श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

अध्यक्ष, श्री टीकाराज ढकाल, प्रदेश उद्योग वाणिज्य संघ प्रदेश नं १

प्रमुख प्रशासकीय अधिकृत, श्री अम्बीका प्रसाद चौलागाई, अर्जुनधारा नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत, श्री रोशन कुमार थापा, झापा गाउँपालिका

अध्यक्ष, श्री प्रकाश सिवाकोटी, बिर्तामोड वाणिज्य संघ, झापा

, श्री विनोद कुमार अग्रवाल, बिर्तामोड वाणिज्य संघ, झापा

प्र.प्र.अ. खेमराज थापा, झापा गाउँपालिका, झापा

निर्णयहरुः-

१. यस जिल्लामा कोभिड-१९ संक्रमणको दर तिब्रगितमा बढ्न थालेको र जिल्लाका अधिकांश पालिकाहरु (दमक, गौरादह, शिवसताक्षी, कनकाइ, विर्तामोड, अर्जुनधारा, मेचीनगर न.पा, कमल र बुद्धशान्ती गा.पा) ले आफ्नो क्षेत्रमा पुर्ण वा आंशिक शिल समेत गरेको सन्दर्भमा कोभिड-१९ को संक्रमणको चेन ब्रेक गर्न जिल्ला भर एक रुपता कायम हुने गरि निषेधाज्ञालाई थप कडाई गर्नु पर्ने महशुस भएकोले मिति २०७८/०४/१६ गते राति १२:०० वजेदेखि लागु हुने गरि एक साताको लागि झापा जिल्ला भित्र निषेधाज्ञा जारी गर्ने र उक्त निषेधाज्ञाको प्रभावकारी पालनाको लागि सबै व्यक्ति, संघ संस्थाबाट सहयोग पुऱ्याउने । साथै सोको प्रभावकारी अनुगमन सम्बन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय सुरक्षा ईकाइले गर्ने ।

२. कोभिड-१९ को तेश्रो भेरियन्ट समेत देखा परेको सन्दर्भमा उक्त भेरियन्टको संक्रमण नियन्त्रणको लागि सबै स्थानीय तहहरुले पूर्व तयारी अनुरुप पालिकास्तरमा रहेको आइसोलेशन सेन्टरलाई व्यवस्थित बनाउने, स्वास्थ्य सुरक्षा मापदण्डको प्रभावकारी पालना गर्ने/गराउने, होम आइशोलेशनमा रहेका कोभिड संक्रमित विरामीहरुको उचित रेखदेख र हेरचाहमा ध्यान दिने । साथै माइकिङ्ग, पर्चा, पम्प्लेट जस्ता सचेतनामूलक कार्यक्रम समेत संचालन गर्ने ।

३. मेची अस्पतालमा स्थापना हुन लागेको अक्सिजन प्लान्ट अविलम्ब जडान गर्ने साथै जिल्लाका निजी ठूला अस्पतालहरुलाई समेत आफ्नै स्वामित्वमा अक्सिजन प्लान्ट जडान गर्न अनुरोध गर्ने ।

४. कोभिड-१९ को संक्रमण परिक्षणका लागि PCR तथा Antigen परिक्षणलाई अझ बढी प्रभावकारी बनाउने ।

५. कोभिड-१९ को संक्रमण विरुद्ध दिइने भ्याक्सिन लक्षित समुहलाई प्रथमिकताका साथ भिडभाड नहुने गरी व्यवस्थित तरिकाले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी प्रभाकारी ढङ्गले खोप लगाउने व्यवस्था मिलाउनका लागि सबै स्थानीय तहहरु र स्वास्थ्य कार्यालय झापालाई अनुरोध गर्ने ।

६. झापा जिल्ला भारतसँग १४४ कि.मी. खुल्ला सिमाना भएको र सिमावर्ती क्षेत्रमा कोरोनाको संक्रमण बढ्ने संभावनाको साथै यस जिल्लाको जनसंख्या समेत धेरै भएको र प्राप्त खोपले लक्षित समुहलाई समेत अपुग हुने देखिएकोले थप खोप उपलब्ध गराई दिन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष अनुरोध गर्ने ।

७. जिल्ला स्थित विभिन्न अस्पतालहरुमा कोभिड-१९ संक्रमितहरुको उपचारको क्रममा अस्पतालहरुमा विरामी उपचारको लागि अग्रिम धरौटी माग नगर्न सबै अस्पतालहरुलाई निर्देशन दिने ।

८. कोभिड-१९ को उपचारमा संलग्न विर्तामोडका २ र दमकका २ वटा नीजि अस्पतालहरुसँग MOU गर्न प्रदेश नं. १ सामाजिक विकास मन्त्रालय समक्ष अनुरोध गर्ने ।

९. दमक नगरपालिकामा रहेका भुटानी शरणार्थीहरु मध्ये लक्षित समुहलाई मिति २०७८/०४/१८ गते कोभिड-१९ विरुद्धको खोप जोनसोन लगाउने।

१०. झापा जिल्लाका पालिका अन्तर्गतका सरकारी अस्पताल, प्रथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुमा कोभिड-१९ विरुद्धको जोनसोनको भ्याक्सिन Single Dose ५० वर्ष देखि ५४ वर्ष उमेर समुहका आम नागरिकहरुलाई खोप अभियान संचालन गर्ने ।

११. खोप उपलब्धताको आधारमा झापा जिल्ला स्थित पालिकाहरुमा रहेका पुर्ण र अति अपाङ्गता (वर्ग क र ख) भएका नागरिकहरु तथा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामा कार्यरत यस अघिको अभियानहरुमा खोप लगाउन छुट भएकालाई जोनसोन खोप Single Dose लगाउने ।